# जोरायल गाउँपालिका

## आर्थिक वर्ष २०७८/०७९ को

## निति तथा कार्यक्रम र बजेट बक्तव्य

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

**जोरायल गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालयको कार्यालय**

**रावतकट्टे, डोटी**

**मिति २०७८ साल असार १० गते विहिबार**

Scanned with CamScanner

**यस गरिमामय सभाका अध्यक्ष ज्यू,**
**गाउँसभा सदस्यहरु,**

१. कोभिड-१९ महामारीले सिर्जना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै जोरायलबासी नागरिकको जीवन रक्षा गर्न र आर्थिक गतिविधीलाई गतिशील तुल्याउँदै जीवनस्तर उकास्न सकिन्छ भन्ने दृढ विश्वासका साथ म यस जोरायल गाउँपालिकाको उपाध्यक्षका हैसियतले यस गाउंपालिकाको दशौं गाउँसभामा आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेट विवरण सार्वजनिक गर्न उपस्थित भएको छु ।

२. जनताका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप प्राप्त नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुर्याएर प्रत्येक नागरिकलाई स्वशासन तथा आत्मनिर्णयको अधिकार सुनिश्चत गरेको छ । अहिले स्थानीय सरकारहरु सोही अधिकारको प्रयोगलाई उच्चतम विन्दुमा पुर्याउन तल्लीन छन् ।नागरिकका अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढिरहेको यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै आन्दोलनहरुमा अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु ।साथै, विभिन्न आन्दोलनका क्रममा घाईते र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. सन् २०२० को प्रारम्भमा देखापरेको कोभिड-१९ महामारीले हाम्रो विकास र समृद्धिको यात्रालाई गम्भीर रुपमा प्रभावित गरेको छ । कोभिड महामारी र सोको रोकथाम र नियन्त्रण गर्न वाध्यतावश अवलम्बन गरिएका कृयाकलापले धेरै नेपालीको आम्दानी र रोजगारी गुमेको छ। संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि गरिएको अथक प्रयासका बावजुद ठूलो संख्यामा नेपालीले ज्यान गुमाउनु परेको छ ।यस महामारीबाट मृत्यूवरण गर्नुहुने नेपालीहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दछु ।संक्रमित विरामीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु

४. कोभिड-१९ (कोरोना भाईरस) रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा स्वेच्छिक रुपमा आर्थिक, स्वास्थ्य सामाग्री तथा जिन्सी सामान सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, सरकारी तथा गैर सरकारी संस्था एवम् सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

५. कोभिड-१९ महामारीको दोस्रो लहरको जोखिम बढेसँगै हाम्रा सामु चुनौतीहरु थपिएका छन्। संक्रमणको जोखिम कायम रहने अवधी र यसको प्रभाव अझै यकिन हुन सकेको छैन्।संकटको यस समयमा प्रत्येक जोरायलवासीको जीवनरक्षाको अभिभारालाई सरकारले सर्वोच्च प्राथमिकता दिएको छ । गाउँपालिका महामारीकै बीचमा पनि स्वास्थ्य सजगता अपनाउँदै आर्थिक गतिविधिलाई निरन्तरता दिन प्रतिवद्ध छ ।

जमुना कुमारी बोहरा
उपाध्यक्ष

दुर्गादत्त ओझा
अध्यक्ष

Scanned with CamScanner

अध्यक्ष महोदय,

अब म यिनै चुनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**स्वास्थ्यः**

६. आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउँने नागरिकको मौलिक हक सुनिश्चित गरिनेछ । सरकारद्वारा निःशुल्क वितरण हुँदै आएका ७० प्रकारका औषधी सबै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध हुने व्यवस्था मिलाईनेछ । औषधीको मुल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ ।

७. एम्वुलेन्स खरिदका लागि रु. २५ लाख बजेट बिनियोजन गरिएको छ ।

८. विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) बाट संक्रमितहरुको उपचारका लागि यस गाउँपालिकामा संचालन भएको अस्थायी कोभिड-१९ अस्पतालमा आवश्यक औजार, उपकरण खरिद गरि दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

९. स्वास्थ्य सेवा प्रदायक सार्वजनिक निजि र सामुदायिक संस्थाहरुसँग सहकार्य गरि आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

१०. विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्य स्वयमसेवक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी खटाईनेछ साथै रेडियो पत्रपत्रिका मार्फत जनचेतना जगाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थाहरुमा कर्मचारी तथा औषधीको आपूर्ती गरिनेछ ।

११. एम्वुलेन्स, सवारी यातायात अन्य साधन जस्ता सेवालाई चौबिसै घण्टा संचालन हुने गरी व्यवस्था मिलाईनेछ । डिप्रेशन हुन सक्ने विद्यार्थी, एकल, गर्भवती महिला, ज्येष्ठ नागरिक अपांग भएका व्यक्तिहरुलाई आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी आदिको लागि गाउँपालिकाले प्रदान गर्दै आएको आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

१३. घुम्ती स्वास्थ्य सेवा, निःशुल्क गर्भवती जाँच सेवा, प्रसुति सेवा, खोप सेवा मार्फत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ ।

१४. जनस्वास्थ्यतर्फ निःशुल्क औषधी, स्वास्थ्य उपकरण तथा औजार खरिद, आयोडिन नुन प्रवर्द्धन कार्यक्रम, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम, स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला स्थापना, सुरक्षित गर्भपतन सेवा विस्तार, महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन लगायतका कार्यक्रमहरु संचालनका लागिरकम रु ७३ लाख ७० हजार विनियोजन गरिएको छ ।

१५. प्राथमिक स्वास्थ्य केन्द्र सरस्वतीनगरमा डाक्टरको व्यवस्था गरिनेछ ।



Scanned with CamScanner

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रानतकड़े, डोटी सुदूरपश्चिम प्रदेश नेपाल

१६. जोरायल बासीको स्वास्थ्य अवस्थालाई मध्यजनर गरी योग अभ्यास शिविर, निःशुल्क स्वास्थ्य शिविर, आयुर्वेदिक औषधी खरिद जस्ता कार्यक्रमहरु संचालन गरिनेछन् जसबाट जनताहरुलाई उपचार, परामर्श सेवा उपलब्ध गराइनेछ । यसका लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

१७. बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि जम्मा रकम रु. ७ लाख रुपैया विनियोजन गरिएको छ । कुपोषणलाई न्यूनिकरण गर्न तथा पोशिलो कुरा खानलाई जनचेतनामूलक कार्यक्रम सहित सुनौला हजार दिनका महिलालाई उपाध्यक्ष कोसेली कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

**शिक्षाः**

१८. यसै शैक्षिक सत्रदेखी स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१९. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिको लागि हालसम्म ५ वटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र ६ वटा विद्यालयहरुमा विज्ञान प्रयोगशालाहरु स्थापना भएका छन् । थप विद्यालयहरुमा प्रयोगशाला स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ

२०. आधारभूत तह कक्षा ८ को परीक्षा संचालन कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।

२१. शिक्षाको गुणस्तर अभिवृद्धी लागि प्रधानाध्यापक र शिक्षकको पेसागत क्षमता विकासका लागि तालिम कार्यक्रम संचालन गरिने छ ।

२२. सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर सुधारका लागि नियमित अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईउत्कृष्ठ विद्यालयलाई नमूना विद्यालय छनोट गरि पुरस्कृत गरिने कार्यक्रम, उत्कृष्ठ प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीलाई सम्मान गर्ने कार्यक्रम तथा सबै छात्राहरुलाई स्यानिटरी प्याडको व्यवस्था गरिनेछ ।

२३. यस गाउँपालिका अन्तर्गत आवासिय कक्षा संचालन भएका सामुदायिक विद्यालयहरुलाई अनुगमन, निरिक्षण, मूल्याङ्कन गरी थप व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

२४. आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा विषयगत आधारमा तथा आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात, विद्यालय नक्साङ्कनका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण कार्य गरिनेछ ।

२५. प्रत्येक वडाहरुमा कम्तिमा एक/एक वटा मा.वि. र आधारभूत विद्यालय (कक्षा ६-८) संचालन भएका सामुदायिक विद्यालयलाई स्वीकृत गरिनेछ ।

२६. बालविकास शिक्षक, विद्यालय कर्मचारी र सहायक कर्मचारीहरुको मासिक पारिश्रमिकमा गाउँपालिकाले रु. २००० थप दिने गरी बजेट बिनियोजन गरेको छ ।

२७. शिक्षातर्फका कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाले रकम रु १ करोड ५० लाख विनियोजन गरेको छ ।



Scanned with CamScanner

नौरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

**लैङ्गिक समानता तथा समावेशीकरणः**

२८. विपन्न महिलालाई सीपमूलक तालिम दिई आयआर्जनका कार्यक्रममा संलग्न गराईनेछ ।महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरिनेछ । दुर्गम क्षेत्रका गर्भवती र सुत्केरी महिलाहरुलाई थप प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

२९. सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिन सघन शहरी विकास कार्यालयसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

३०. महिला विरुद्धका कुरिति, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण र महिला शिक्षाका कार्यक्रम संचालन गरिनेछ ।

३१. विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला लगायत बञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीका लागि आय आर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछन् ।

३२. एकल महिला, विधवा तथा विधुर, शारीरिक र मानसिक रुपमा अशक्त, असहाय, आफ्नो परिवार र संरक्षण नभएका जेष्ठ नागरिकका लागि आवश्यक औषधोपचार र संरक्षणको व्यवस्था गरिनेछ ।

३३. महिला, बालबालिका तथा जेष्ठ नागरिकको क्षेत्रमा रकम रु ८ लाख  बजेट विनियोजन गरेको छु ।

३४. सामाजिक समावेशी नीति अनुरुप दलित, आदिवासी, जनजाति, पिछडावर्गको सशक्तीकरण र उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. महिला तथा बालबालिकाउपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरुमा अभियान सञ्चालन गरिनेछ । हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अनुरुप प्रत्येक वडामा लैङ्गिक हिंसा व्यवस्थापन समितिको गठन एवं परिचालन गरिनेछ साथै सबै वडाहरु सम्मलित गाउँपालिकास्तरमा एक लैङ्गिक हिंसा निवारण कोष स्थापना र सञ्चालन गरिनेछ ।

३६. वडा तहमा विभन्न निकायबाट गठन गरिएका महिला समूह तथा आमा समूहहरुलाई एकीकृत रुपमा महिला सन्जाल गठन गरी महिलाहरुको आर्थिक एवम् सामाजिक सशक्तिकरणाका लागि परिचालन गरिनेछ ।

३७. बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिइनेछ ।

३८. टोल विकास संस्था स्थानीय शासनका साझेदार हुन् । यिनको क्रियाशीलताले स्थानीय सुशासनलाई प्रत्यक्ष रुपमा बल पुग्ने हुँदा टोलस्तरमा हुने सबै स्थानीय शासकीय गतिविधिमा टोल विकास संस्थाको औपचारिक सक्रियता सुनिश्चित गरिनेछ ।

३९. जसको सवाल उसैको नेतृत्व भन्ने मान्यताअनुरुप अपाङ्गता क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरुको अगुवाईमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।अपाङ्गता भएका व्यक्तिहरुको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।



Scanned with CamScanner

## विपद् व्यवस्थापन

४०.गाउँपालिका भित्र विपद जोखिमजन्य स्थानहरुको पहिचान गरी जोखिमयुक्त स्थानहरुमा जोखिम न्यूनीकरणका लागि तटबन्धन र वृक्षारोपणको नीति अवलम्बन गरिनेछ । संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा विपद जोखिम न्यूनिकरण कार्यक्रम सञ्चालन गरिने छन् ।

४१. विपद्, पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गरिनेछन् । सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

४२. विपद् तथा प्रकोप व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन कोषमा रु. ३५ लाख विनियोजन गरिएको छ ।

## पूर्वाधार विकास

४३. जोरायलवासीहरुको सुखदुखमा सरकार घरदैलोमा पुगेको छ । विपद् व्यवस्थापन कोष, आर्थिक सहायता र विभिन्न लक्षित कार्यक्रम मार्फत जनताले राहत पाएका छन् । गाउँपालिकाको केन्द्र देखि सबै वडाहरुको केन्द्रसम्म सडक संजाल विस्तार भएको छ । शिक्षा, स्वास्थ्य, कृषिमा समेत उल्लेख्य उपलब्धि हाँसिल भएका छन् ।

४४. गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याइनेछ । यस आर्थिक वर्षदेखि योजना सार्ने प्रवृत्तिमा पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।

४५. रोजगारी सिर्जन हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ । ठूला तथा मेशिनरी औजार प्रयोग हुने र १० लाख भन्दा माथिका सडक आयोजना बोलपत्रमार्फत कार्यान्वयनमा ल्याइनेछ ।

४६. लागत अनुमान स्वीकृतिपश्चात  सम्झौता गर्ने र जनसहभागिता बराबरको रकम भंन्दा बढी कार्य प्रगति भएपश्चात् मुल्यांकनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

४७. निर्माण कार्यको  गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

४८. जोरायल गाउँपालिकाको यातायात गुरुयोजना तयार गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४९. सडक मर्मत सम्भार योजना तयार गरी मर्मत कार्यलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

५०. गाउँपालिकाभित्रैको स्रोतसाधनलाई प्रयोग गरी पूर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५१. भवन निर्माण गर्नुपूर्व अनिवार्यरुपमा गाउँपालिकाबाट घर नक्सापास गर्ने नीतिलाइ कार्यान्वयनमा ल्याइनेछ ।

५२. जोरायल रेडक्रस उपशाखाको भवन निर्माणका लागि रु. १५ लाख बजेट बिनियोजन गरिएको छ ।



Scanned with CamScanner

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

५३. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सशक्त रुपमा कार्यान्वयन गर्न सङ्घीय सरकारसँगको आवश्यक समन्वयमा कामका लागि पारिश्रमिक अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमलाई प्रत्यक्ष विकाससँग जोडेर जनताको सीप क्षमता र योग्यता अनुसार रोजगारी प्रदान गरिनेछ ।

५५. गाउँपालिका स्तरीय विकास निर्माणका आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई परिचालन गरी रोजगारी प्रदान गरिनेछ ।

५६. गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत गाउँपालिकाभित्र रहेका वेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरी बेरोजगार व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिनेछ ।

५७. गरिव तथा जोखिममा रहेका विपन्न समुदाय र सिमान्तकृत वर्गको पहिचान गरी जिविकोपार्जनमा सघाउ पुग्ने सीपमूलक तालिमहरु संचालन गरिनेछ ।

५८. प्रधानमन्त्री रोजगार कार्यक्रममा लागत साँझेदारीका लागिरकम रु. १४ लाख विनियोजन गरिएको छ ।

## पर्यटन प्रवर्द्धन

५९. गाउँपालिकामा पहिचान भएका पर्यटकीय क्षेत्रहरुको विकास गरिनेछ ।

६०. पर्यटनको पूर्वाधार विकासमा स्थानीय संघ-संस्था, समुदाय तथा निजी क्षेत्रको नेतृत्व तथा सहभागितालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

६१. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति अवलम्वन गरिनेछ । कार्यालयले आफु र आफ्नो मातहतका कार्यालय मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता गुनासो व्यवस्थापन सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभूति, पारदर्शी, जवाफदेही, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने कार्यहरु गरिनेछन् ।

६२. सार्वजनिक स्रोतको उपयोगलाई प्रभावकारी बनाउन जोखिम विश्लेषणमा आधारित लेखा राख्ने पद्धतिलाई जोड दिइनेछ ।

६३. गाउँपालिकावाट सम्पन्न हुने आर्थिक क्रियाकलापमा वित्तीय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

६४. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ।

६५. निजामती सेवा दिवसको अवसरमा जोरायल गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरी सम्मान गरिनेछ ।



Scanned with CamScanner

६६. गाउँपालिका तथा वडाहरु संचालन र व्यवस्थापनको लागि कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिमहरु संचालन गरिनेछन् । साथै संघीय सरकारको समन्वयमा संगठनात्मक संरचना अनुसार आवश्यक थप जनशक्ति व्यवस्थापनका लागि पहल गरिनेछ ।

६७. गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा मानवीय विकासको दीर्घकालीन सोच सहितको आवधिक योजना अद्यावधिक गर्ने प्रक्रियालाई निरन्तरता दिईनेछ ।

६८. वित्तीय अनुशासन कायम गर्न चालु आर्थिक वर्षमा तेश्रो पक्ष सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईनेछ ।

६९. आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ ।

७०. आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शून्य वेरुजु कायम गर्ने नीति अवलम्वन गरिनेछ।

## कृषि तथा पशु सेवाः

७१. अध्यक्ष विशेष कृषि कार्यक्रमलाई निरन्तरता दिईनेछ । सामूहिक व्यवसायिक कृषिको निर्यातमुलक उत्पादनमा वृद्धि गरी स्वरोजगार सिर्जना गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि रकम रु. १२ लाख विनियोजन गरिएको छ ।

७२. कृषि तर्फको विकासका लागि कृषि शाखालाई यस गाउँपालिकाबाट रु. २० लाख रकम विनियोजन गरिएको छ ।

७३. पशु सेवा तर्फ लक्षित वर्गलाई वाख्रा पालन अनुदान, हिउँदे वर्षे घाँसको बिउँ वितरण, कृत्रिम गर्भाधान कार्यक्रम परजीवि नियन्त्रण, खोप सेवा, पशु र पशु उपचार सेवा लगायतका कार्यक्रम कार्यान्वयन गर्न पशु विकास शाखालाई रु. २० लाख रकम विनियोजन गरिएको छ ।

७४. गाउँपालिका क्षेत्रमा हाट वजार स्थापना गर्ने, कृषि मेला प्रदर्शनी, उत्कृष्ठ कृषक र व्यवसायीलाई पुरुष्कृत गर्नका लागि वजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।



Scanned with CamScanner

## खानेपानी तथा सरसफाई

७५. सम्पूर्ण वडाहरुमा स्वच्छ खानेपानीका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ । व्यवस्थापन गर्ने र खानेपानी सुरक्षा योजना लागू गरिनेछ । जसका लागि यूनिसेफ लगायतका संघ-संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

**अध्यक्ष महोदय,**

अब म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु ।

७६. आ.व. २०७८/०७९ का लागि नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानबाट रु. ९ करोड ७६ लाख रुपैया, संघीय राजस्व बाँडफाँडबाट प्राप्त अनुदान रु ८ करोड ५३ लाख २५ हजार, सङ्घीय विशेष अनुदानबाट रु. १ करोड, प्रदेश समानिकरण अनुदानबाट प्राप्त रु. ६७ लाख ३८ हजार तथा प्रदेश सवारी साधन कर बाँडफाँडबाट प्राप्त रु. २७ लाख ९१ हजार, प्रदेश विशेष अनुदानबाट रु. ७५ लाख, प्रदेश समपुरक अनुदानबाट रु. ५७ लाख १७ हजार, गाउँपालिकाको आन्तरिक आय रु. ३५ लाख, चालु आ.व. को नगद मौज्दात रकम रु. १ करोड ५६ लाख ७० हजार र संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान रु.२५ करोड ९३ लाख गरी जम्मा रु. ४९ करोड ४१ लाख ४१ हजारको बजेट अनुमान गरिएको छ ।

७७. गाउँपालका अन्तर्गतका विषयगत शाखाहरुका लागि रु. २ करोड ७६ लाख ७० हजार, वडा स्तरीय योजना तथा कार्यक्रमहरु संचालनका लागि रु. २ करोड ९९ लाख ९१ हजार ५ सय, गाउँपालिका स्तरीय नयाँ योजना तथा अधुरा योजना तथा कार्यक्रमका लागि रु. ३ करोड ८६ लाख ५० हजार, एम्वुलेन्स खरिद, समपुरक कोष लगायत गाउँपालिका तर्फको पुँजीगत खर्चका लागि रु. ३ करोड २० लाख, गाउँपालिका तर्फ चालु खर्च रु. ७ करोड ४५ लाख १२ हजार ५ सय र गाउँपालिका स्तरीय चालु विभिन्न कार्यक्रमहरु तथा शाखाहरुका लागि रु. ८८ लाख, प्रदेश विशेष अनुदान तर्फका योजना तथा कार्यक्रमका लागि रु. ७५ लाख, सङ्घीय विशेष अनुदान तर्फका योजना तथा कार्यक्रमका लागि रु. १ करोड, प्रदेश समपुरक तर्फका योजना तथा कार्यक्रमका लागि रु. ५७ लाख १७ हजार र संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमहरु संचालन गर्न रु.२५ करोड ९३ लाख विनियोजन गरिएको छ ।

७८. कुल विनियोजन मध्ये चालु तर्फ रु. ३१ करोड ८४ लाख २२ हजार ५ सय अर्थात ६४.४४ प्रतिशत र पूँजीगत तर्फ रु. १७ करोड ५७ लाख १८ हजार ५ सय अर्थात् ३५.५६ प्रतिशत रहेको छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिका अन्तर्गत संचालनमा रहेका विभिन्न गैर सरकारी संघसंस्थाहरुबाट प्राप्त विभिन्न कार्यक्रमको विवरण तथा विनियोजित बजेट रु. ३ करोड ६ लाख ८५ हजार ८ सय १५ मध्येः



Scanned with CamScanner

७९. युनिसेफ नेपालको सहयोगमा स्वास्थ्य, शिक्षा, पोषण, बालसंरक्षण,. खानेपानी तथा सरसफाई, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन, सामाजिक नीति तथा सुरक्षा लगायतका कार्यक्रमहरु संचालन गर्न रु. ७३ लाख २१ हजार ,८ सय २५ रुपैयाको बजेट विवरण पेश भएको छ ।

८०. वातावरण तथा मानव संशाधन विकास समाज नेपाल (सोर्स नेपाल) मा सुआहारा-दोश्रो कार्यक्रमका लागि रु ७ लाख ६२ हजार २० बजेट विवरण पेश भएको छ ।

८१. युरोपियन युनियन र डिसिए नेपालको सहकार्यमा समविकास केन्द्र इडिसि नेपालद्वारा उत्तरदायी, पारदर्शी तथा जवाफदेही स्थानीय सुशासनका लागि सहभागितामूलक, समावेशी तथा बृहत नागरिक अभियान कार्यक्रमका लागि रु. ४५ लाख ७१ हजार ८ सय ४०रुपैयाको वजेट विवरण पेश भएको छ ।

८२. सि.डि.एफ. नेपालद्वारा सामुदायिक उत्थाशिलता सुदृढीकरण परियोजना कार्यक्रम संचालन गर्न रु. ५२ लाख २० हजार र बाल संरक्षण र बालअधिकार प्रवर्द्धन परियोजना कार्यक्रम संचालन गर्न रु. ३२ लाख ५१ हजार ७३गरी जम्मा रु. ८४ लाख ७१ हजार ७३रुपैयाको बजेट विवरण पेश भएको छ ।

८३. पहुँच र सृजनाका लागि सहकार्य नेपाल (WAC) द्वारा HIV रोकथाम परिक्षण, औषधी उपचार तथा स्याहार र सहयोगका लागि रु. १० लाख ४२ हजार २ सय २७ रुपैयाको बजेट विवरण पेश भएको छ ।

८४. जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लि-बर्ड) द्वारा जोरायल गाउँपालिकामा स्थानीय बीउ प्रणाली सुधार कार्यक्रमका लागि रु ४० लाख ८४ हजार ५ सय ६९ रुपैयाको बजेट विवरण पेश भएको छ ।

८५. अपाङ्ग सेवा संघ द्वारा समुदाय मार्फत समावेशी विकास कार्यक्रमका लागि रु. ४४ लाख ३२ हजार २ सय ६१ रुपैयाको बजेट विवरण पेश भएको छ ।

**अध्यक्ष महोदय,**

८६. यस बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाको सामाजिक आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने विश्वास गर्न सकिन्छ ।

८७. प्रस्तुत बजेट तर्जुमा मार्ग निर्देशन गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, जोरायल गाउँपालिका तथा गाउँसभा सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधी ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, नीजि क्षेत्रका संघ संगठनहरु, नागरिक समाज तथा सामुदायिक संस्था, सामाजिक संगठनहरु, पत्रकार र विदेशमा रहनु भएका जोरायल गाउँपालिकाका दिदीबहिनी तथा दाजुभाईहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

८८. अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुऱ्याउनु हुने आम नागरिक, विकास साझेदार र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।



Scanned with CamScanner

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

८९. जोरायल गाउँपालिकाका समस्या धेरै छन् र यिनको समाधान हामी सबैको सामूहिक प्रयासबाट मात्रै सम्भव छ । त्यसैले आउनुहोस सबै एकजुट होऔं र जोरायलको मुहार फेर्ने अभियानमा सहभागी बनौं । म जुट्छु जोरायलको मुहार फेर्छु भन्ने भावनाबाट अगाडी बढौं ।

**धन्यवाद!**

जमुना कुमारी बोहरा
उपाध्यक्ष

दुर्गादत्त ओझा
अध्यक्ष



Scanned with CamScanner